# दूधपोखरी चेपे हाइड्रोपावर लिमिटेड

**ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ०१, ललितपुर**

## दोस्रो वार्षिक साधारण सभाको सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०६/०८**

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०८२/०६/०६ मा बसेको यस कम्पनीको सञ्चालक समितिको २१ औं बैठकको निर्णयानुसार कम्पनीको दोस्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान**

**मितिः** २०८२ साल आश्विन ३० गते (तदनुसार सन् २०२५ अक्टोबर १६) बिहिवार ।

**समयः** अपरान्ह २:०० बजे ।

**स्थानः** होटल क्राउन इम्पेरियल, रविभवन, काठमाण्डौ ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची**

(क) **सामान्य प्रस्तावः**

(१) आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको प्रतिवेदन बारे ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८१/०८२ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु बारे ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

(४) सञ्चालक समितिमा रिक्त २ (दुई) जना सञ्चालक (जसमा १ जना महिला सञ्चालक) चयन गर्ने बारे ।

(ख) **विशेष प्रस्तावः**

(१) कम्पनीले सर्वसाधारणका लागि प्राथमिक शेयर निष्काशन गर्ने बारे ।

(२) प्रारम्भिक सार्वजनिक निष्काशनबाट प्राप्त हुने रकमको उपयोग गर्ने बारे ।

(ग) **विविध** ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**